# वित्तीय जानकारी इकाई र राष्ट्रिय सूचना प्रविधि केन्द्र बीच समझदारी पत्रमा हस्ताक्षर

वित्तीय जानकारी इकाईले सञ्चालनमा ल्याएको goAML Software को मूख्य सर्भर तथा प्राकृतिक प्रकोप लगायतका सम्भावित जोखिम न्यूनिकरणका लागि सञ्चालन गरिने Disaster Recovery (DR) सर्भर नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र अन्तर्गतको Data Center हरुमा राख्ने सम्बन्धमा वित्तीय जानकारी इकाई र केन्द्र बीच २०७८ फागुन ८ गते समझदारी पत्र (MoU) मा हस्ताक्षर भयो । वित्तीय जानकारी इकाईका तर्फबाट इकाई प्रमूख दीर्घ बहादुर रावल र राष्ट्रिय सूचना प्रविधि केन्द्रका तर्फबाट केन्द्रका कार्यकारी निर्देशक सुनिल पौडेलले उक्त MoU मा हस्ताक्षर गर्नु भएको थियो ।



इकाई प्रमुख रावलले इकाईका सूचनाहरु संवेदनशील हुने भएकाले सोको सूरक्षा तथा भण्डारणमा केन्द्रले हालसम्म प्रदान गरिरहेको सेवाको लागि धन्यवाद दिनुभएको थियो । केन्द्रका कार्यकारी निर्देशक पौडेलले इकाईका डाटाहरुको संवेदनशीलताबारे केन्द्र सधैं सजग रहेको बताउदै इकाईको आवश्यकता अनुसार थप सेवाहरु प्रदान गर्न समेत तयार रहेको बताउनु भएको थियो । सो अवसरमा केन्द्रका निर्देशक सफल श्रेष्ठ तथा इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठ र IT ईन्जिनियर दीपक पराजुलीको समेत उपस्थिति रहेको थियो ।